# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, माघ ३ गते, २०८१ साल (संख्या ४८

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

**<u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१</u>**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा नियम ५ग. थप:</u>** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ख. पछि देहायको नियम ५ग. थपिएको छः-

"**५ग. <u>कार्यकारी प्रमुखको जिम्मेवारी दिन सक्ने:</u>** कार्यकारी प्रमुखको कार्यकाल समाप्त भएमा वा कुनै कारणले सो पद रिक्त भएमा कार्यकारी प्रमुखको नियुक्ति नभएसम्मका लागि मन्त्रालयले प्राधिकरणमा कार्यरत वरिष्ठतम् सहसचिवलाई कार्यकारी प्रमुखको रुपमा काम गर्ने गरी जिम्मेवारी दिन सक्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १० मा संशोधन:</u>** मूल नियमावलीको नियम १० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) यस नियमावली बमोजिम कोषको रकम खर्च गर्दा राहत वितरणका अतिरिक्त कार्यकारी समितिबाट स्वीकृत विपद् पछिको क्षतिको विस्तृत आँकलन, विपद् पुनर्लाभ तथा विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि मात्र गरिनेछ।"

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.द्व.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।